# निजी क्षेत्रको लागि पारस्परिक मूल्याङ्कनको पूर्वतयारी तालिम सम्पन्न

वित्तीय जानकारी इकाई र APG को सहकार्यमा मिति २०७८ मंसिर २८ गते निजी क्षेत्रको लागि पारस्परिक मूल्याङ्कनको पूर्वतयारी तालिम सम्पन्न भयो । उक्त कार्यक्रममा बैंक तथा वित्तीय संस्था, धितोपत्र, ब्रोकर कम्पनी, बिमा कम्पनीहरु लगायतको २०० भन्दा बढी सहभागीहरुको सहभागिता थियो । उक्त कार्यक्रमा निजी क्षेत्रको सम्बन्धित नियामक निकायहरुको प्रतिनिधीहरुको समेत सहभागिता थियो ।




उक्त कार्यक्रममा इकाईका प्रमुख/निर्देशक दीर्घ बहादुर रावलले स्वागत मन्तब्य राख्दै सबै सहभागीहरुको स्वागत गर्नु भएको थियो । पारस्परिक मूल्याङ्कन तयारी सम्बन्धमा APG को तर्फबाट डेभिड स्यानोनले प्रस्तुती दिनुभएको थियो । निजी क्षेत्रको तर्फबाट बैंक तथा वित्तीय संस्थाको प्रतिनिधित्व गर्दै बिनिता जैन, धितोपत्र व्यवसायीको प्रतिनिधित्व गर्दै प्रकाश मनी ढकाल र बिमा व्यवसायीको प्रतिनिधित्व गर्दै नविन कुमार साहले प्रस्तुती दिनुभएको थियो ।

निजी क्षेत्रका सहभागीहरुद्धारा APG का प्रतिनिधीहरुलाई पारस्परिक मूल्याङ्कन सम्बन्धमा विभिन्न प्रश्नहरु गर्नु भएका थिए जसको सम्बोधन डेभिड स्यानोन तथा निकोलले गरेका थिए । नेपाल बैंकस संघका प्रमुख कार्यकारी अधिकृत अनिल शर्माले आयोजक, प्रस्तोता तथा सहभागीहरुलाई धन्यवाद दिए पश्चात कार्यक्रम समापन भएको थियो ।